म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ९२ २०८१ फागुन ७ गते बुधबार 19 February 2025, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## जिम्मेवार पत्रकारिताबारे अन्तरक्रिया

हेटौंडा : राष्ट्रिय समाचार समिति (रासस) को ६४औं वार्षिकोत्सवको अवसरमा मंगलबार हेटौंडामा 'जिम्मेवार पत्रकारिता र राससको भूमिका' विषयक् अन्तरक्रिया भएको छ । राससको हेटौंडास्थित कार्यालयको आयोजनामा अन्तरक्रिया भएको हो । राससको हेटौंडास्थित कार्यालयका प्रमुख राजु बिश्वकर्माको अध्यक्षता तथा प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्री सुरजचन्द्र लामिछानेको प्रमुख आतिथ्यमा अन्तरक्रिया भएको हो । अन्तरक्रियामा सहभागीले समग्रमा सञ्चार माध्यमप्रति जनविश्वास खस्कँदो अवस्थामा रहेको र सञ्चार माध्यमको साख बढाउन सञ्चारकर्मी जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा बागमती प्रदेश सभा सदस्यहरुको पनि आतिथ्य रहेको थियो ।

### दोस्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव सुरू

# सुशासन र समृद्धिका लागि वर्तमान समीकरण : गृहमन्त्री लेखक



*व्यापार महोत्सव उद्घाटन गर्नुहुँदै संघीय गृहमन्त्री रमेश लेखक ।*

समाज संवाददाता

हेटौंडा : संघीय गृहमन्त्री रमेश लेखकले मुलुकमा शान्ति, सुशासन, विकास र समृद्धिका लागि वर्तमान समीकरण निर्माण भएको बताउनुभएको छ । उहाँले संघीय गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गर्दै विकास र समृद्धिका लागि दुई ठूला दल मिलेर सरकार बनेको बताउनुभयो ।

हेटौंडामा मंगलबार दोस्रो निर्माण तथा व्यापार महोत्सवको उद्घाटन गर्नुहुँदै गृहमन्त्री लेखकले नेपाली कांग्रेस र नेकपा एमाले दुई ठूला दलका गठबन्धन सरकारले व्यवसायिक वातावरण सुनिश्चित गर्ने गरी अघि बढेको उहाँले बताउनुभयो । सेवा प्रवाहमा रहेका कानूनी जटिलता हटाएर नागरिकको पक्षमा काम गर्न सरकार प्रयत्नरत रहेको उहाँले जानकारी गराउनुभयो । सरकारले व्यावसायिक वातावरण तयार गर्न अध्यादेश ल्याएको र त्यसलाई संसदबाट पारित गरेर कार्यान्वयन गर्नेतर्फ अघि बढिरहेको उहाँको भनाई छ । देश विकास निर्माणको क्षेत्रमा निर्माण व्यवसायीको महत्वपूर्ण भूमिका रहेको उहाँले बताउनुभयो । अर्थतन्त्र सुधार्न र रोजगारी सृजना तथा विकास निर्माणमा ठूलो भुमिका रहेको उहाँको भनाई छ ।

'निर्माण व्यवसायीको बक्यौता र कम समयमा भुक्तानी दिन नसकेको देशभरिबाट गुनासो छ । अहिले पुराना बक्यौताहरु सरकारले भुक्तानी दिन सुरु गरेको छ । तपाईहरु आफ्नो काममा अगाडि बढ्नुस् सरकारले बाँकी बक्यौता भुक्तानी गर्छ त्यसको सुनिश्चितामा म गर्छु', गृहमन्त्री लेखकले भन्नुभयो । निर्माण व्यवसायमा गुणस्तर र समय भित्रै सम्पन्न गर्ने विषय चुनौतीको विषय बनेको उहाँले बताउनुभयो । निर्माण व्यवसायीहरुले राज्यको लगानीलाई प्रतिफलयोग्य रुपमा अघि बढाउने गरी समयसीमा भित्रै गुणस्तरीय काम गर्नुपर्ने स्पष्ट पार्नुभयो ।

१८ फागुनसम्म चल्ने महोत्सव निर्माणको क्षेत्रमा प्रयोगमा आएका अत्याधुनिक उपकरण र निर्माण सामग्रीहरुको प्रदर्शनी तथा बिक्री गरिने मुख्य उद्देश्य रहेको निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपला कँडेलले जानकारी दिनुभयो । महोत्सव अवधिभर निर्माण उद्योग क्षेत्रमा रहको समस्या, चुनौती, अवसरका बारेमा छलफल, गोष्ठी लगायतका अन्तरक्रियात्मक कार्यक्रमहरु समेत हुने उनको भनाई छ । यस्तै महोत्सव अवधिमा निर्माण व्यवसायी, दर्शक, उपभोक्ताहरुका सल्लाह, सुझाव समेत संकलन गरिने अध्यक्ष कँडेलले जानकारी दिनुभयो । उहाँका अनुसार महोत्सवमा निर्माण उपकरण, निर्माण सामग्री, औद्योगिक उत्पादन, स्थानीय उत्पादन, हस्तकला सामग्री लगायतका ३०० बढी स्टल रहेका छन् ।

महोत्सवमा हेटौंडा आईडल प्रतियोगिताका साथै प्रत्येक दिन राष्ट्रिय एवं स्थानीय कलाकारहरुको सांगीतिक तथा साँस्कृतिक प्रस्तुती समेत रहने आयोजकले जनाएको छ । २०७१ सालमा पहिलो पटक महोत्सव गरेको संघले १० वर्षपछि महोत्सव गर्न लागेको हो । निर्माण व्यवसायी संघको नयाँ भवन निर्माण गर्ने उद्देश्यसहित महोत्सवको आयोजना गरिएको संघका महासचिव राजेन्द्र चौलागाईंले जानकारी दिनुभयो । संघको अहिले रहेको भवन जीर्ण भएपछि नयाँ भवन बनाउने उद्देश्य लिएर संघले महोत्सवको आयोजना गरेको उहाँको भनाई छ ।

## उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी पुरस्कृत

समाज संवाददाता

हेटौंडा: हेटौंडा-५ स्थित लक्ष्मी आधारभूत विद्यालयले उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कार वितरण गरेको छ । मंगलबार विद्यालयले वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याएका विद्यार्थीलाई पुरस्कार स्वरुप शैक्षिक सामग्री प्रदान गरेको हो ।

विद्यालयको शिशु कक्षादेखि कक्षा ८ सम्म प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कार प्रदान गरी सम्मान गरिएको छ । जेहेन्दार र अनुशासित विद्यार्थीलाई पनि शैक्षिक सामग्रीसहित सम्मान गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ताराप्रसाद अधिकारीको सभाध्यक्ष तथा वडा अध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । हाल विद्यालयमा ३ सय ७८ विद्यार्थी अध्यनरत रहेका छन् ।

## आन्तरिक सचिव दर्जी काठमाडौं रेफर

समाज संवाददाता

हेटौंडा : नुहाउने क्रममा बाथरुममा बेहोस हुनुभएका बागमती प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव पूर्ण बहादुर दर्जीको स्वास्थ्य सामान्य भएको छ । सोमबार बिहान हेटौंडास्थित निवासमै नुहाउने क्रममा बेहोस हुनुभएका सचिव दर्जीको हेटौंडा अस्पतालमा उपचारपछि मधुमेहको तहमा सुधार नभएको र मुटुसम्बन्धी विशिष्ट परीक्षणका लागि काठमाडौंस्थित सिभिल अस्पताल रेफर गरिएको छ ।

मंगलबार ३ बजेको समयमा सचिव दर्जी काठमाडौं जानुभएको आन्तरिक मामिला मन्त्रालयका अधिकृत उमेश सोतीले जानकारी दिनुभयो । 'हेटौंडा अस्पतालमा उपचारपछि सचिव ज्यूको स्वास्थ्य अवस्था सामान्य भएको छ । मधुमेहको तह र मुटुको पनि थप परीक्षण गर्न आवश्यक देखिएकोले काठमाडौंस्थित सिभिल अस्पताल रेफर गरिएको छ', अधिकृत सोतीले भन्नुभयो ।

आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेकाअनुसार हेटौंडा अस्पतालमा उपचारत् दर्जी डाक्टरको सल्लाहअनुसार काठमाडौंको सिभिल अस्पतालमा पुन: स्वास्थ्य परीक्षणका लागि जानुभएको हो । विशेषगरी छाती र मुटुको परीक्षण गर्न डाक्टरले सुझाव दिएपछि उहाँ सिभिल अस्पतालमा पुग्नुभएको उहाँले जानकारी दिनुभयो । यस्तै छातीमा दाग समेत देखिएकाले स्वास्थ्यमा समस्या देखिएको मन्त्री लामिछानेले जानकारी दिनुभयो ।

### गोरू तस्करी प्रकरण

## रातोमाटे चौकीको इन्चार्जमा लुङ्वा

समाज संवाददाता

हेटौंडा : गोरु तस्करी प्रकरणपछि जिल्ला प्रहरी कार्यालय मकवानपुरले रातोमाटे प्रहरी चौकीको नेतृत्व परिवर्तन गर्दै सहायक प्रहरी निरीक्षक (असई) सागर लुङ्वालाई नयाँ इन्चार्ज तोकेको छ । यसअघि प्रहरी नायव निरीक्षक (सई) को नेतृत्वमा रहेको सो चौकीको इन्चार्जमा प्रहरी सहायक निरीक्षक लुङ्वाको कमाण्डमा चौकीको जिम्मेवारी दिइएको हो ।

गोरु तस्करीमा प्रहरी संलग्नताको आरोप लागेपछि चौकीका इन्चार्ज रहेका कुमार फुयाँलसहित ३ जनालाई हटाएर अनुसन्धान अघि बढाइएको थियो । सोमबार फुयाँलसहित प्रहरी सहायक हवल्दार विपिन कुशवाह र प्रहरी जवान केशर शाहीलाई जिल्ला प्रहरी कार्यालय मकवानपुर तानेर अनुसन्धान थालिएको थियो । उक्त घटनामा पशु सेवा कार्यालय मकवानपुरले गोरु तस्कर भिम राईलाई ५ हजार रुपैयाँ मात्र जरिवाना तिराएर गोरुहरू छाडिदिएको छ ।

## छतबाट लडेर सिलवालको मृत्यु

समाज संवाददाता

हेटौंडा: चितवन जिल्लाको खैरहनी नगरपालिका-५, सलौलीमा छतबाट लडेर एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा खैरहनी नगरपालिका-१ घर भई हाल सलौली बस्ने ५५ वर्षीय हरि सिलवाल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सोमबार दिउँसो १ बजेर ५० मिनेटको समयमा सिलवाल तीन तले घरको छतबाट लड्दा घाइते भएका थिए । घाइते सिलवाललाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा दिउँसो २ बजेर ३३ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

## हेटौंडाका पाख्रिन गाँजासहित पथलैयाबाट पक्राउ

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१५ का ३७ वर्षीय सूर्य पाख्रिन लागूऔषध गाँजासहित बारा जिल्लाको पथलैयाबाट पक्राउ परेका छन् । सोमबार दिउँसो १२:१० बजेको समयमा नारायणगढबाट बिरगंजतर्फ जाँदै गरेको ना ४ ख ७१६५ नम्बरको यात्रुबाहक बसको सुरक्षाजाँच गर्दा बसमा सवार पाख्रिनको साथबाट प्रहरीले १० किलो ५ सय ग्राम गाँजा बरामद गरेको हो ।

## प्रेस सेन्टरको प्रदेशको अध्यक्षमा अधिकारी

समाज संवाददाता

हेटौंडा : नेकपा माओवादी केन्द्र निकट प्रेस सेन्टर नेपालको बागमती प्रदेश अध्यक्षमा ध्रुव अधिकारी चयन हुनुभएको छ । सिन्धुपाल्चोकको सुकुटे स्थित भोटेकोशी बीच रिसोर्टमा सम्पन्न पाँचौ अधिवेशनबाट मकवनपुरका अधिकारी सर्वसम्मत अध्यक्ष चयन हुनुभएको हो ।

समितिको उपाध्यक्षमा धादिङका राजन अधिकारी, समावेशी उपाध्यक्षमा गौतम जिरेल, महिला उपाध्यक्षमा अन्जली तामाङ, महासचिवमा नविन श्रेष्ठ, खुला सहसचिवमा सुमन गैरे, खुला सचिवमा मणिसुन्दर कोइराला, जनजाति सचिव रोजन तामाङ, महिला सचिवमा भावना रिजाल, दलित सचिवमा गम्भिर विक र कोषाध्यक्षमा राजेन्द्र गजुरेल चयन भएका छन् । अधिवेशनको उद्घघाटन नेकपा माओवादी केन्द्रका उपाध्यक्ष एवम् प्रचार विभाग प्रमुख अग्नि सापकोटाले गर्नुभएको थियो ।

## उद्योगले कामबाट निकालेपछि श्रमिक आन्दोलित

समाज संवाददाता

हेटौंडा: हेटौंडा औद्योगिक क्षेत्रमा रहेको एन्टार्टिक बिस्कुट प्रालिले कामबाट निकालेको भन्दै श्रमिकले आन्दोलन गरेका छन् । उद्योगले तमसुक पत्रमा हस्ताक्षर नगरिएको भन्दै ९७ जना श्रमिकको रोजगारी कायम नगर्ने सूचना जारी गरेपछि श्रमिक आन्दोलित भएका हुन् ।

गत माघ १४ गते उद्योगले सूचना प्रकाशित गर्दै ९७ जना श्रमिकको रोजगारी कायम नगर्ने जनाएको थियो । समग्र उद्योग ट्रेड युनियन नेपाल केन्द्रीय कमिटी र जिफन्ट बागमती प्रदेश कमिटीले मंगलबार हेटौंडामा पत्रकार सम्मेलन गरेर श्रम ऐन २०७४ को गम्भिर उल्लंघन भएको भन्दै खेदप्रकट गरेको छ ।

पटक-पटक ध्यानाकर्षण गराउँदा पनि जारी गरिएको सूचना फिर्ता नगरेपछि श्रमिक आन्दोलनमा उत्रन बाध्य भएको जिफन्ट बागमती प्रदेश कमिटीका अध्यक्ष रामहरि नेपालले जानकारी दिनुभयो । फागुन १ गतेबाट शान्तिपूर्ण आन्दोलन गरिए पनि कुनै सुनुवाई नभएपछि बुधबार श्रम शोषणको विरुद्ध विरोध तथा खबरदारी सभा आयोजना गरिएको उहाँले बताउनुभयो । व्यवस्थापन पक्षले गैरकानुनी तबरले अनुचित श्रम अभ्यास गरेको श्रमिकहरुको आरोप छ ।

५ वर्ष सेवा गरिसकेका मजदुरलाई गैरकानुनी सम्झौता गरेर उद्योग प्रशासनले नयाँ सम्झौताका नाममा परीक्षण अवधिमा निष्काशन गर्ने योजना बनाएको जिफन्टका बागमती प्रदेश अध्यक्ष नेपालले बताउनुभयो । ४ सय कामदार कर्मचारीमध्ये एक सय १० जना श्रमिकलाई विगत ५ वर्षदेखि नियमित प्रकृतिको काममा लगाएको छ । तर समयगत कामको रोजगार सम्झौता गरी काममा लगाएको भन्दै गत साउन ९ गते व्यवस्थापनसमक्ष नियमित रोजगार सम्झौता गरी समान पारिश्रमिकको व्यवस्था गर्न निवेदन पेश गरिएको थियो । २०८० फागुन १ गतेदेखि २०८१ माघ २९ गतेसम्म लागू हुने गरी समयगत रोजगारीमा नियुक्ति प्रदान गरिएको थियो । सोहीबमोजिम माघ २९ गतेबाट समय समाप्त भएको भन्दै रोजगारीबाट निष्कासित गरेकोमा ध्यानाकर्षण भएको बताइएको छ ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
वागमती, प्रदेश, नेपाल

सूचना

यस हेटौंडा उपमहानगरपालिकाले यस उपमहानगरलाई ट्राफिक व्यवस्थापन चुस्त दुरुस्त राख्ने उद्देश्यले ३ पाङ्गे सवारी साधनहरुलाई स्टीकर वितरण गर्दै आएकोमा मिति २०८१/११/०४ गते बसेको ३ पाङ्गे सवारी साधन व्यवस्थापन उपसमितिको बैठकको निर्णयानुसार २०७६ साल पौष ७ गते भन्दा अगाडीका मकवानपुर जिल्लाभरको लागि रूट ईजाजत प्राप्त ३ पाङ्गे सवारी साधनहरूले यस हेटौंडा उपमहानगरपालिका ३ पाङ्गे सवारी साधन व्यवस्थापन इकाई, हेटौंडा-११, थानाभन्ज्याङमा यही मिति २०८१ फागुन १९ गते भित्र आफ्नो प्रमाण पेश गरी स्टीकरको लागि आवश्यक प्रक्रिया पुरा गरी आवेदन पेश गर्नु हुन अनुरोध गर्दछौं । मिति २०८१ फागुन २० गते आईतबार अन्तिम पटक स्टीकर वितरण गरिने भएकोले समयमै स्टीकर प्राप्त गर्नु हुन यसै सूचना मार्फत सूचित गरिन्छ साथै सो पश्चात प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धीत सबैमा जानकारी गराईन्छ ।

(३ पाङ्गे सवारी साधन व्यवस्थापन ईकाई)
हेटौंडा उपमहानगरपालिकाको कार्यालय
हेटौंडा उपमहानगरपालिका



हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003

स्ट्रेन्ज पार्टनर: शिवम् सिमेन्ट
"Quality सँगै समयमै Delivery
को मामलामा पनि No Compromise"

शोभायात्रा:
मिति :२०८१ फागुन ६ गते
समय: बिहान १०:३० बजे

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

# आँखा



**आहाना कर्मचार्य**

आँखा हाम्रो शरीरको महत्वपूर्ण अङ्ग हो। आँखाले हामीले कुनै कुरा हेर्न सहयोग गर्छ । हामीले आँखा फोहोर भयो भने सफा पानीले धुनुपर्छ । हामीले धेरै मोबाइल हेर्नु हुँदैन । मोबाइल धेरै हेर्नाले आँखामा असर पर्न सक्छ । आँखा भएन भने हामीले संसार देख्न सक्दैनौं । त्यसैले आँखाको धेरै हेरचाह गर्नुपर्छ । संसारमा कति मानिसहरूले आँखा नभएका कारण संसारलाई देख्न पाएका छैनन् । यस कुरामा हामीले आफूलाई भाग्यशाली सम्झनु पर्छ किनकी हामीले आँखा भएकै कारणले सिङ्गो संसारलाई देख्न पाएका छौं । विश्वलाई बुझ्न पाएका छौं ।

*कक्षा-१, नवोदय शिशु सदन हेटौंडा-४*

# चुट्किला

शिक्षक : मेरो प्रश्नको सही उत्तर जसले दिन्छ, ऊ घर जान सक्छ ।
त्यही बेला रामले आफ्नो झोला बाहिर फ्याल्यो ।
शिक्षक : त्यो झोला कसले फ्यालेको
राम : मैले हो सर । अब म घर जाउँ ?

*कक्षा-२, कमाने एकेडेमी, हेटौंडा-८*



**सृष्टी श्रेष्ठ**

# गजल



**कृतिका हुमागाईं**

बल्ल दुःखको यात्रा पार लाएको छु
एक वा दुइ मैले हजार धोका खाएको हुँ

सपनाको पोल्टो खोली मख्ख पऱ्यौ मेरो सामु
म मुर्खले झुटहरुलाई सिरानीमा सजाएको हुँ

शंका गर्छ भनी किन गुनासो गर्छौ प्रिय
हिरा दिँदा मैले सधैँ उपहारमा ढुंगा पाएकी हुँ

कुखुरा चोऱ्यो भनी मलाई छिमेकीको आरोप लाग्यो
मैले बिचरी उसलाई स्थलबाट बचाएको हुँ

चित्रमा आगो झोसेपनि तिमीलाई दोष दिन्न म
आफ्नो चितामा मैले आफैँ दाउरा लगाएको हुँ

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय, हेटौँडा-२*

# गजल



**श्रेया तिमल्सिना**

थोरै बैगुन थोरै गुन हुनुपर्छ
सधै हसिलो मुहार पक्कै, जुन हुनुपर्छ ।

मेरो लागि तिमि त्यो आवश्यकता हौ
जसरि हजारौं मसलाको बिचमा पनि नुन हुनुपर्छ ॥

यति सजिलै कसरी गरौँ म तिम्रो बयान
तिमि असल हुनुमा साच्चै पवित्र खुन हुनुपर्छ॥

माया गर्ने तर देखाउन नजान्ने को हो भनि सोध्छौ भने
थोरै चन्चले थोरै लजालु  मेरो उन हुनुपर्छ

*मकवानपुर बहुमुखी क्याम्पस*

रेडियो निकास ९३.४ हेटौंडा, मकवानपुर
The Voice of Community
सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# विद्यार्थी परिचय



**सर्जु भण्डारी**

सर्जु हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कुलमा कक्षा ९ मा पढ्नु हुन्छ। सर्जुको घर हेटौँडा-४, कर्रामा रहेको छ । सर्जुको घरमा आमा, बाबा, हजुरआमा र हजुरबुबा हुनुहुन्छ । सर्जु आमा बुबाको एक्लो सन्तान हुनुहुन्छ। सर्जुको बाबा सरकारी वकिल कार्यालयमा हुनुहुन्छ भने सर्जुको आमा शिक्षक हुनुहुन्छ ।

सर्जुले घरमा आमा बाबालाई समय दिने र उहाँहरुसँग समय बिताउन रुचाउनुहुन्छ। सर्जु घरमा आफ्नो आमालाई सघाउने पनि गर्नुहुन्छ । सर्जु विद्यालयको स्काउटमा र इंग्लिस क्लबमा हुनुहुन्छ । स्काउटले सेवा गर्न गरेको बताउनुहुन्छ। सर्जु भविष्यमा कानुन व्यवसायी बन्ने रुचि रहेको बताउनुहुन्छ ।


सर्जुको बुबा कानुनको क्षेत्रमा काम गर्ने भएको हुँदा आफ्नो बुबासँग कानुनको बारेमा बुझ्ने गरेको बताउनुहुन्छ। सर्जु मनोरञ्जनका लागि विभिन्न किताब पढ्नुहुन्छ । समय समयमा कविता पनि लेख्ने गरेको बताउनुहुन्छ। सर्जुलाई चित्र कोर्न पनि रुचि रहेको छ।

# चित्रकला





**दीपेन तामाङ घलान**
**कक्षा-१०, आधुनिक राष्ट्रिय मावि हेटौंडा-४**






**राहुल राउत**
**कक्षा-१२, हेटौंडा क्याम्पस**







**मिलन घलान तामाङ**
**कक्षा-११, मकवानपुर बहुमुखी क्याम्पस हेटौडा-२**






**निवेश गोले**
**कक्षा-५**





**अजेस्वी गिरी, कक्षा-८**
**सेमिनरी एकेडेमी काउन्सिल विद्यालय**






**निश्चल ढुंगेल**
**कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२**

# मेरो टोल



**✍अभिराज चौधरी**

मेरो सानो टोलमा
मानिस थरी थरिका
भाषा भेष व्यवहार
जिउने अनेक तरिका ।

कोही बोल्छन् तामाङ
कोही बोल्छन् मगर
कोही बोल्छन् मैथिली
कोही बोल्छन् नेपाली ।

कोही व्यापार गर्दछन्
कोही सेना, डाक्टरी
कोही कर्मचारी छन्
कोही कोही मास्टर ।

कोही लाउँछन् पटासी
कोही कोटमा ठडिन्छन्
जुनसुकै पोसाक लाए नि
चिनिन्छन् सबै नेपाली ।

*कक्षा-३, नवोदय शिशु सदन
हेटौंडा-४*

# जीवन



**✍प्रकृत दहाल**

मानिसहरुको पनि कठोर हुन्छ मन
भन्न सजिलो, तर चलाउन गाह्रो छ नि जीवन
छोराछोरी हुन त कति गाह्रो हुन्छ
आमबुबा हुन् त कति गाह्रो हुन्छ

सुख, दुःख जीवनमा आइरहन्छ
त्यसैले त जीवन परिवर्तनशील हुन्छ
सुतेर सपना देखेर हाम्रो चल्ने हैन
मिहिनेत नगरे हामीले सफल हुँदैन जीवन ॥

इज्जत धन कमाउन पनि जीवन जिउन सिक्नुपर्छ
जीवन जिउन सकेन भने हामीलाई असजिलो हुन्छ
जीवनको कहिले पनि भर हुँदैन, हामीले जिवन मात्र हो
परिर्वतन भइरहने केवल जीवन मात्र हो

शत्रु कहिले मित्र हुन्छ, मित्र कहिले शत्रु
जिउनु यस पापी संसारमा सदैव हामीलाई हुन्छ गाह्रो
त्यसैले त हामीले यस जीवनमा मिहिनेत गर्न सिक्नुपर्छ
मिहिनेत गर्दै सुखसँग जिउँदै यस जीवनबाट टाढा जार्नुपर्छ

*कक्षा-६, रेडरोज इंग्लिस बोर्डिङ स्कूल, हेटौंडा-१६*

# जोगाऔं प्रकृति



**✍रोहन काफ्ले**

नेपाल राम्रो सुन्दर हाम्रो हरियाली पनि छ
बिरुवा रोपी गोडमेल गरी उर्वरा बनाउनु छ
काट्नु हुन्न वनका रुख रोपेर आउनु
वन नै हाम्रो गर्वको कुरा कहिल्यै नमार्नु ।

हुँदैन गर्नु खेलवाड हामीले प्रकृतिसँग ए
भोक र प्यासले मर्नु है पर्ला त्यसलाई चलाए
हामीले माया दायाँ र बायाँ छर्नु नै पर्दछ
बाँच्न सास फेर्नलाई बोट रोप्नु नै पर्दछ ।

सहर ठूला बढ्दै गर्छ मान्छे नि धेरै छन्
मान्छे कै कारण प्रकृति यहाँ मासिँदै गएका छन्
हिमाल देख्छौं सुन्दर हामीले हिउँले गर्दा हो
देखिन्छ सुन्दर नदी र नाला बग्ने गर्दा हो ।

वन र जङ्गल, हिमाल र पहाड गौरव होस् सबको
जोगाई राख्नु बचाई राख्नु कर्तव्य मानिसको ।

*कक्षा-९, भुटनदेवी माध्यमिक विद्यालय, हेटौंडा-४*

# मेरो आमा



**✍सुमानी सिंह**

आमा तिमी भन्दा ठूलो न कोही छ, कोही हुन सक्छ
म भन्छु आमा भगवान भन्दा ठूलो हुन् तर
भगवान कहिले आमाभन्दा ठूलो होइनन्

आमा तिमी भन्दा प्यारो संसारमा केही पनि छैन
तिमी हौ मेरो प्यारो जीवन साथी
सपना सम्झाएर अघि पढ्न सिकाउँछौ
आमा तिमी सधैं मेरो प्रेरणा बनी बस्छौ

आमा हजुर तपाइँ मायाको खानी
सम्झना आइरहन्छ तपाइँको आनीबानी
तपाइँले मलाई सिकाउँनुहुन्छ अनुशासनको बानी
अनि मेरो सबै सुखको हजुरको हो रानी

आमा तिमी बिना संसार पनि अधुरो हुन्छ
तिमी हुँदा मात्र अरु कोही नहुँदा पनि जिन्दगी पूरा हुन्छ
आमा तिमी पानी हौ जसले प्यास मेटाइ दिन्छ
आमा तिमी मेरो भगवान हौ जसले मेरो जिन्दगीलाई रंगीन बनाइदिन्छ

*कक्षा-५, कमला आधारभूत विद्यालय, हेटौंडा-१८*

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



**सम्पादक**

## हेटौंडा उप-महानगरपालिकामा निर्माण हुने हेटौंडा खानेपानी आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी

### सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मिति २०८१/११/०७ गते*

बागमती प्रदेश, मकवानपुर जिल्ला, हेटौंडा उप-महानगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, आयोजना व्यवस्थापन कार्यालय, पानीपोखरी, काठमाण्डौं |
| प्रस्तावको व्यहोरा | आयोजनाको नाम : हेटौंडा खानेपानी आयोजना हेटौंडा उप-महानगरपालिका वडा नं १ देखि वडा नं १२, १५, १७ र १९ मा राप्ती नदीको सतही पानी तथा भूमिगत पानी पम्प गरी खानेपानी आपुर्ति गर्ने । |
| प्रभाव पर्न सक्ने जिल्ला/उप म.न.पा./न.पा. | मकवानपुर जिल्ला, हेटौंडा उप-महानगरपालिकाका वडा नं १ देखि वडा नं १२, १५, १७ र १९ वडाहरु । |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको वरपरको क्षेत्र, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगाना :**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना<br>आयोजना व्यवस्थापन कार्यालय, पानीपोखरी, काठमाण्डौ<br>फोन नं : ०१-४००६६८८<br>ई-मेल : iwssmp@gmail.com | WAPCOS in association with CEMAT Consultants (P)Ltd<br>फोन नं : ०१-४५३४६३८<br>ई-मेल: nepalwapcos@gmail.com |

**आयोजना निर्देशक**

## सच्याईएको

मिति २०८१ साल फागुन ६ गते समृद्ध समाज राष्ट्रिय दैनिकको पृष्ठ ३ मा प्रकाशित मकवानपुरगढी-३ स्थित भानु माध्यमिक विद्यालयको सामान खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा प्रथम पटक प्रकाशित मिति २०८१/११/६ गते हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।

**बजार शाखा**

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थान: हेटौंडा-१ राप्तीरोड मकवानपुर**

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
**-थाईराईड**
**-क्यान्सर**
**-रक्तअल्पता**
**-बाथरोग**
**-बाँझोपन**
**-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।**

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## हार्दिक बधाई



यस क्षीरसागर दुग्ध उत्पादक सहकारी संस्थाका आदरणीय अध्यक्ष **शालिकराम पुडासैनी** मिति २०८१ साल फागुन ३ गते सम्पन्न **डाङडुङे सामुदायिक वन उपभोक्ता समूह**को अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा उहाँसहित नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**बासुदेव पौडेल, उपाध्यक्ष**
**एवम् क्षीरसागर दुग्ध उत्पादक सहकारी संस्था लि. परिवार**
**हेटौंडा-११, मकवानपुर**

## हार्दिक बधाई



यस दुईबस्ती पिउनेपानी व्यवस्थापन समितिका सल्लाहकार **शालिकराम पुडासैनी** मिति २०८१ साल फागुन ३ गते सम्पन्न **डाङडुङे सामुदायिक वन उपभोक्ता समूह**को अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा उहाँसहित नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**देवकुमार श्रेष्ठ, अध्यक्ष**
**एवम् दुईबस्ती पिउनेपानी व्यवस्थापन समिति परिवार**
**हेटौंडा-११, मकवानपुर**

### बागमती गोल्डकप फुटबल

# सहज जित निकाल्दै श्री स्टार सेमिफाइनलमा


नवीन लामालाई म्यान अफ द म्याचको ट्रफी हस्तान्तरण गरिदै ।

समाज संवाददाता

हेटौंडा : मकवानपुरको बागमती गाउँपालिकामा जारी बागमती गोल्डकप अन्तर्गत मंगलबार भएको खेलमा श्री स्टार क्लब विजयी भएको छ । सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताअन्तर्गत मंगलबार भएको खेलमा सहज जित दर्ता गर्दै श्री स्टार क्लब सेमिफाइनलमा प्रवेश गरेको छ ।

बागमती–४ स्थित सहिद स्मृति रंगशालामा भएको दोस्रो क्वाटरफाइनल खेलमा खेलमा हिमालयन शेर्पा क्लबलाई ४–० गोलअन्तरले हराउँदै श्री स्टार प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको हो । श्री स्टारको जीतमा खेलको ३ मिनेटमा नै सुशील राईले गोल गरेर टिमलाई अग्रता दिलाएका थिए । श्री स्टारका लागि खेलको १७ औं मिनेटमा नवीन लामाले गोल गरेसँगै अग्रता दोब्बर भएको थियो ।

दोस्रो गोल खाएको केही मिनेटमा नै हिमालयन शेर्पाको पोष्टमा विदेशी खेलाडी फोफनाले थप एक गोल गरे । फोफनाले खेलको २४ औं मिनेटमा गोल गरेका थिए । शेर्पाले खेलको ३९ औं मिनेटमा पुनः गोल खाएपछि पहिलो हाफमा नै श्री स्टारले ४ गोलको अग्रता बनाएको थियो । श्री स्टारका लागि चौथो गोल एलेक्सले गरेका थिए । दोस्रो हाफमा दुवै टिमबाट कुनैपनि गोल हुन नसकेपछि श्री स्टार ४–० गोलअन्तरले शेर्पा विरुद्धको खेल जितेको हो । म्यान अफ द म्याच श्री स्टारका नविन लामा घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे ।

श्री स्टार बागमती गोल्डकपको चौथो संस्करणको विजेता हो भने हिमालयन शेर्पा तेस्रो संस्करणको उपविजेता हो । चौथो संस्करणमा विदेशी टोली अफ्रिकन रुट्स एसोसिएसनलाई हराउँदै श्री स्टारले उपाधी जितेको थियो भने तेस्रो संस्करण हिमालयन शेर्पा जावलाखेल युवा क्लबसँग पराजित हुँदै उपविजेता बनेको थियो ।

फागुन १२ गतेसम्म संचालन हुने प्रतियोगिताको उपाधि विजेताले १० लाख र उपविजेताले ५ लाख रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई १ लाख १ हजार रुपैयाँ तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ ।

# प्रधानमन्त्री क्रिकेट कप छनोट प्रतियोगिताको बन्द प्रशिक्षणमा ३० जना खेलाडी

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघले आयोजना गरेको प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा सहभागी भएका खेलाडीलाई बन्द प्रशिक्षणका लागि बोलाएको छ । गत माघको २९ गते सुरु भएर आइतबार सम्पन्न प्रतियोगिताबाट छनोट भएका खेलाडीलाई बन्द प्रशिक्षणका लागि बोलाइएको हो ।

आज बुधबारबाट सुरु भएर शुक्रबार सम्पन्न हुने बन्द प्रशिक्षणमा सहभागी हुने ३० जना खेलाडीको पहिलो चरणमा नाम सार्वजनिक गरेको मुख्य छनोटकर्ता संजोक पोखरेलले जानकारी दिनुभएको छ । बन्द प्रशिक्षणका लागि छनोट भएका ३० जना खेलाडीमध्ये २७ जनामात्र उपस्थित हुने उहाँले बताउनुभयो । छनोटमा परेका रामनरेश गिरी, रिजन ढकाल र शुभ कंसाकार कोशी प्रदेशको कोशी प्रिमियर लिग क्रिकेटमा सहभागी हुन गएका कारण उनीहरुको सहभागिता नरहने उहाँले बताउनुभयो । ३ दिनसम्म चल्ने बन्द प्रशिक्षणमा सहभागी खेलाडीहरुलाई क्यान 'ए' र क्यान 'बी' समूहमा छुट्याएर प्रतिस्पर्धा गराइने उहाँले बताउनुभयो ।

बन्द प्रशिक्षणमा सहभागी भएकामध्ये उत्कृष्ट १४ जना खेलाडी छनोट गरेर प्रदेशस्तरीय छनोट प्रतियोगितामा सहभागी गराउने उहाँले बताउनुभयो । खेलाडीलाई मकवानपुर जिल्ला क्रिकेट संघका सचिव विनोदकुमार वानियाँ र संजोक पोखरेलले छनोट गर्नुहुनेछ । प्रधानमन्त्री कप क्रिकेटको प्रदेश छनोट फागुन महिनाको दोस्रो साताबाट हुनसक्ने उहाँले बताउनुभयो । प्रदेश छनोट प्रतियोगितामा मकवानपुर, नुवाकोट र चितवनले गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा प्रतिस्पर्धा गर्नेछन् भने ललितपुर, भक्तपुर र काठमाडौंले मूलपानी क्रिकेट मैदानमा प्रतिस्पर्धा गर्नेछन् ।

बन्द प्रशिक्षणमा मकवानुरबाट मिथिलेशकुमार गुप्ता, विजय यादव, प्युस शर्मा, गौरव खड्का, आस्तिक दहाल, असिम श्रेष्ठ, एमडी राजा, विशाल फुयाँल, गोकुल अधिकारी, रोहित ठाकुर, युविन बुढाथोकी, विकास दास सेनुरिया, रितेश अधिकारी र समिर चौलागाई छनोट भएका छन् । यस्तै, नवी आलम, सुमन सुनार, तक्षक सिम्खडा, रामनरेश गिरी, सक्षम बस्ताकोटी, विशेष थापा, कुशल दुलाल, इरफान अली, सुवर्ण भट्ट, साकार गजुरेल, आशिक अधिकारी, शिवशक्ति महतो र प्राज्जल उपाध्याय छनोटमा परेका छन् ।

# मातृभूमि साहित्य समाजले विविध सम्मान प्रदान गर्ने

समाज संवाददाता

हेटौंडाः मातृभूमि साहित्य समाजले आगामी फागुन २४ गते वार्षिक साधारणसभा तथा सम्मान समर्पण कार्यक्रम गर्ने भएको छ । हेटौंडाको रोयल पार्टी प्यालेसमा संस्थाको वार्षिक साधारणसभा एवम् सम्मान समर्पण कार्यक्रम गर्ने भएको हो ।

सोमबार बसेको मातृभूमि साहित्य समाजको कार्यसमितिको विशेष बैठकले पुरस्कार छनोट समितिको सिफारिस बमोजिम सम्मान तथा पुरस्कार प्राप्त गर्ने स्रष्टाबारे निर्णय गरेको छ । समाजका अध्यक्ष कृष्णप्रसाद दाहालको अध्यक्षतामा बैठक सम्पन्न भएको हो ।

नित्यगोविन्द स्मृति मातृभूमि सङ्गीत पुरस्कार–२०८० गीतकार सुभाषचन्द्र ढुङ्गेललाई प्रदान गरिने भएको छ । पुरस्कारको राशि २० हजार रुपैयाँ रहेको छ । सो पुरस्कार वरिष्ट समाजसेवी मुक्तिगोविन्द वैद्यले आफ्ना स्वर्गीय पिता सङ्गीतकार नित्यगोविन्द वैद्यको नाममा स्थापित गर्नुभएको हो ।

श्याम श्रेष्ठ स्मृति मातृभूमि पुरस्कार–२०८० अनुवादक/साहित्यकार डा.विष्णु भण्डारी (आसाम) लाई प्रदान गरिने भएको हो । पुरस्कार राशि १५ हजार रुपैयाँ रहेको छ । सो पुरस्कार समाजसेवी/शिक्षाप्रेमी आशीष श्रेष्ठले आफ्ना स्वर्गीय पिता श्याम श्रेष्ठको स्मृतिमा स्थापना गर्नुभएको हो ।

शेखर शर्मा रिजाल स्मृति मातृभूमि शैक्षिक पुरस्कार–२०८० असल पाखिन, वेबी खातुन र परीक्षा खतिवडालाई प्रदान गर्ने निर्णय गरिएको छ । पुरस्कार राशि प्रतिव्यक्ति १५ हजार रुपैयाँ रहेको छ । सो पुरस्कार समाजसेवी अर्चना शर्मा रिजालले आफ्ना पति शेखर शर्मा रिजालको स्मृतिमा स्थापना गर्नुभएको हो । प्रत्येक वर्ष मकवानपुर जिल्लामा सामुदायिक विद्यालयतर्फ प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याउने एक छात्र र एक छात्रालाई उक्त पुरस्कार प्रदान गरिने मातृभूमि साहित्य समाज मकवानपुरका सचिव किशन पौडेलले जानकारी दिनुभयो ।

ईश्वरी स्मृति मातृभूमि सम्मान–२०८० काठमाडौंका साहित्यकार नरेन्द्रराज पौडेललाई प्रदान गरिने निर्णय भएको छ । पुरस्कार राशि १५ हजार रुपैयाँ रहेको छ । सो पुरस्कार मातृभूमि साहित्य समाज मकवानपुरका विशिष्ट आजीवन उपासक तथा वर्तमान अध्यक्ष कृष्णप्रसाद दाहालले आफ्ना पिताको स्मृतिमा स्थापना गर्नुभएको हो । यो सम्मान विविध क्षेत्रमा उत्कृष्ट योगदान दिने व्यक्तित्वलाई २०७० सालदेखि प्रदान गर्दै आइरहेको छ ।

हातेमालो मातृभूमि युवा सृजनशील सम्मान–२०८० साहित्यकार दीपक गौतमलाई प्रदान गरिने भएको छ । पुरस्कार राशि १० हजार रुपैयाँ रहेको छ । २०६५ सालमा समाजले आफ्नै नाममा स्थापना गरेको यो सम्मान २०७२ सालदेखि हातेमालो बचत तथा ऋण सहकारी संस्था हेटौंडाले प्रायोजन गर्दै आइरहेको छ ।

मङ्गलादेवी स्मृति मातृभूमि बाल पुरस्कार–२०८० गायिका गृष्मा गहतराजलाई प्रदान गर्ने निर्णय भएको छ । पुरस्कार राशि ७ हजार ५ सय रुपैयाँ रहेको छ । यो पुरस्कार शिक्षासेवी देवप्रसाद श्रेष्ठले स्थापना गर्नु भएको छ । आफ्नो माता मङ्गलादेवी श्रेष्ठको स्मृतिमा उहाँले २०७७ सालमा पुरस्कार स्थापना गर्नुभएको हो । प्रतिभाशाली बालबालिकालाई यो पुरस्कार प्रदान गरिन्छ ।

शारदा उप्रेती स्मृति मातृभूमि सम्मान–२०८० कलाकार ज्ञानरत्न लामालाई प्रदान गर्ने निर्णय भएको छ । पुरस्कार राशि १० हजार रुपैयाँ रहेको छ । सो पुरस्कार अधिवक्ता चुडाराज उप्रेतीले २०८० सालमा स्थापन गर्नुभएको मातृभूमि साहित्य समाजका सचिव पौडेलले जानकारी दिनुभयो ।

# शिक्षा ऐन माग गर्दै शिक्षक महासंघको ध्यानाकर्षण

समाज संवाददाता

हेटौंडाः नेपाल शिक्षक महासंघले शिक्षा ऐन तुरुन्त जारी गर्न माग गर्दै मकवानपुरको पालिकाहरुमा ज्ञापनपत्र बुझाएको छ । महासंघ राष्ट्रिय समितिको पूर्वनिर्धारित कार्यक्रम अनुसार मकवानपुरसहित देशका ७ सय ५३ वटै पालिकामा शिक्षा ऐन तुरुन्तै जारी गर भन्दै ज्ञापनपत्र बुझाइएको हो ।

शिक्षक महासंघका विभिन्न पालिका समितिहरुले सम्बन्धित पालिकालाई ज्ञापनपत्र बुझाएका हुन् । शिक्षक महासंघ हेटौंडा उपमहानगर समितिले मंगलबार दिउसो हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँलाई ज्ञापनपत्र बुझाएको छ । ज्ञापनपत्र बुझ्दै शिक्षक महासंघको मागलाई स्थानीय सरकारले सकारात्मक रुपमा लिएको महासंघको हेटौंडा उपमहानगरपालिका समिति अध्यक्ष दीपक अधिकारीले जानकारी दिनुभयो ।

शिक्षक महासंघमा आवद्ध शिक्षकका पेसागत संगठनहरुको प्रतिनिधिको उपस्थितिमा ज्ञापनपत्र बुझाइएको छ । गत माघ १५ र १६ गते बसेको महासंघको राष्ट्रिय समिति बैठकले गरेको निर्णयअनुसार ज्ञापनपत्र बुझाइएको अधिकारीले बताउनुभयो ।

स्थायी, राहत, साविक उमावि, शिक्षण सिकाइ अनुदान, अस्थायी, प्राविधिक धार, विशेष शिक्षा, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी, संस्थागत विद्यालयका शिक्षकलगायतका मागलाई शिक्षा ऐनमा सम्बोधन गर्न ज्ञापनपत्रमार्फत् ध्यानाकर्षण गराइएको छ । सबै खालका शिक्षक र विद्यालय कर्मचारीका माग र मुद्दा सम्बोधन गर्न विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारीमैत्री अग्रगामी विद्यालय शिक्षा ऐन ल्याउन् आवश्यक भएको ज्ञापनपत्रमा उल्लेख छ ।

विगतमा भएका सबै सहमति सम्बोधन हुने गरी चाँडो भन्दा चाँडो विद्यालय शिक्षा ऐन जारी गर्ने कामबाट राज्य अझै अनेक बहाना गरी भाग्ने प्रयत्नमा रहेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ । विद्यालय शिक्षा ऐन संसदीय प्रक्रियामा रहेको बेला ऐनले सम्बोधन गर्नुपर्ने विषयमा आम शिक्षकको भावनाविपरित निवृत्तिभरणसम्बन्धी अध्यादेश जारी हुनुले पनि सरकार शिक्षकका मागप्रति गम्भिर नभएको पुष्टि भएको आरोप लगाइएको छ ।

सरकारकै निर्णयबाट हुनसक्ने बालकक्षा शिक्षक, विद्यालय कर्मचारी र संस्थागत विद्यालय शिक्षकको लागि उचित तलबमान, शिक्षकको ग्रेड मिलान, शिक्षकको मर्यादाक्रम, शिक्षक अस्पताल, शिक्षक सरुवा कार्यविधिको खोरेजी, मासिक तलब भुक्तानीजस्ता सामान्य काम समेत नगरिनुबाट सरकारको शिक्षा, शिक्षक, कर्मचारी विरोधी सोच प्ष्ट हुने ज्ञापनपत्रमा भनिएको छ । विगतमा भएका सबै सहमति सम्बोधन हुने गरी शिक्षा ऐन जारी गराउन आन्दोलन जानुवाहेक कुनै विकल्प नरहेको पत्रमा उल्लेख गरिएको छ । महासंघले पेश गरेको ध्यानाकर्षण तथा जानकारी पत्रको सम्बोधन नभए काठमाडौं केन्द्रित आन्दोलन हुने र सो आन्दोलन माग पुरा नभएसम्म नरोकिने महासंघले जनाएको छ ।

# भीमफेदी गाउँपालिकास्तरीय भलिबल प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिकामा जारी पालिकास्तरीय खुला पुरुष भलिबल प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा भएको छ । मंगलबार प्रतियोगिताको क्वार्टरफाइनल चरणको खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा भएको हो ।

मंगलबार भएको क्वार्टरफाइनल चरणको खेलहरुमा जीत निकाल्दै ६ ब्रदर्श भैंसे, भीमफेदी ए, निब्टा क्लब र चिउरी बगैचा सेमीफाइनलमा प्रवेश गरेको छ । ६ ब्रदर्शले कालिकाटार युवा क्लबलाई २–० को सोझो सेटले पराजित गरेको छ । कालिकाटारलाई ६ ब्रदर्शले २५–१३ र २५–२३ को सेटले पराजित गरेको हो ।

दोस्रो खेलमा पान्द्राङ युवा क्लब भैंसेलाई भीमफेदी ए ले २–० को सोझो सेटले पराजित गरेको छ । पान्द्राङ युवा क्लबलाई भीमफेदीले दुवै सेटमा २५–१८ ले पराजित गरेको छ । तेस्रो खेलमा भीमफेदी युवा क्लब बी लाई २–० को सोझो सेटले निब्टा क्लबले पराजित गरेको छ । भीमफेदीलाई निब्टाले २५–१७ र २५–१५ ले पराजित गरेको हो । यस्तै, चौथो खेलमा सुपिड युवा क्लबलाई चिउरी बगैंचाले २–० को सोझो सेटले पराजित गरेको छ । सुपिडलाई चिउरी बगैंचाले २५–२२ र २५–२१ ले हराएको छ ।

प्रतियोगिता अन्तर्गत आज बुधबार सेमीफाइनल र फाइनल चरणको खेलहरु सञ्चालन हुनेछ । पहिलो सेमीफाइनल खेलमा ६ बदर्श र भीमफेदी ए बीच प्रतिस्र्धा हुनेछ भने दोस्रो खेलमा निब्टा र चिउरी बगैंचाबीच प्रतिस्पर्धा हुनेछ ।

भीमफेदी गाउँपालिकाको आर्थिक सहयोग तथा निब्टा क्लबको आयोजनामा आइतबारबाट सुरु भएको प्रतियोगितामा ११ वटा टिमहरुको सहभागिता रहेको प्रतियोगिताका संयोजक अनिल अधिकारीले जानकारी दिनुभएको छ । क्लबले राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा विगत वर्षदेखि विभिन्न कार्यक्रम आयोजना गर्दै आएको संयोजक अधिकारीले बताउनुभयो ।

प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले क्रमशः ३० हजार र २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, उत्कृष्ट सेटर र उदीयमान खेलाडीले पनि ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । ३ लाख ९५ हजार ६ सय ८० रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रतियोगिताका लागि गाउँपालिकाले ३ लाख रुपैयाँ उपलब्ध गराएको उहाँले बताउनुभयो ।

### अनुपम घलान स्मृति फुटबल आजबाट

# उद्घाटन खेलमा वडा–७ र वडा–१८ भिड्दै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा बुधबारबाट अनुपम घलान स्मृति यु–१६ नगरस्तरीय फुटबल प्रतियोगिता सुरु हुँदैछ । नगर खेलकुद विकास समितिको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा पहिलो संस्करणको प्रतियोगिता हेटौंडा–५ स्थित पिप्ले क्याम्पा रंगशालामा हुनेछ ।

प्रतियोगिताको उद्घाटन खेलमा हेटौंडा–७ र हेटौंडा–१८ बीच प्रतिस्पर्धा हुनेछ । बुधबारै दोस्रो खेलमा हेटौंडा–८ र हेटौंडा–१३ को टिमबीच प्रतिस्पर्धा हुनेछ । १० वटा टिम सहभागी प्रतियोगिताको फाइनल खेल फागुन १० गते हुनेछ ।

प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले क्रमशः एक लाख र ७० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट खेलाडीले जनही ५ हजार रुपैयाँ नगद पुरस्कार तथा ट्रफी प्राप्त गर्नेछन् ।

## प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो,
- आफ्ना प्रतिनिधिहरु मार्फत शासनमा नागरिकको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो,
- प्रजातन्त्र एक पद्धती, व्यवहार र आचरण पनि हो, त्यसैले,
- प्रजातान्त्रिक संस्कार,आचार र व्यवहारको अवलम्बन प्रत्येक नागरिकको कर्तब्य हो,
- त्यस तर्फ सचेत बनौं
- ७५ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा–४, अजरअमररोड, ०५७–५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ